# ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन उत्खनन् बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१

स्वीकृत मितिः २०८१।०३।१०
प्रमाणिकरण मितिः २०८१।०३।२५

महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
खलंगा, दार्चुला,
सुदूरपश्चिम प्रदेश

२०८१।३।२५
प्रमुख प्रशासकीय अधिकृत

०

**प्रस्तावनाः**

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि-८ बमोजिम एकल अधिकार र अनुसूचि-९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने व्यवस्था गरेको छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी सम्बन्धी विषय नेपालको संविधानको अनुसूचि-९ को साझा सूचि ६ मा व्यवस्था गरिएको छ, त्यस्तै खानी तथा खनिज पदार्थको संरक्षण गर्ने सम्बन्धमा अनुसूचि-९ को साझा अधिकार सूचि ८ अनुसार स्रोतबाट प्राप्त राजस्व संकलन गर्ने र हिस्सा प्राप्त गर्ने जिम्मेवारी साझा विषयको रुपमा व्यवस्था गरिएकोछ। सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (प) मा स्थानीय तहमा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, व्यवस्थापन, कार्यान्वयन तथा नियमन सम्वन्धी अधिकार रहेको छ।

यसैले वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन (पहिलो संशोधन) मापदण्ड, २०७९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०, संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँट र विस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकारबाट भएका निर्णय, विभिन्न अध्ययन समितिका सुझावहरु र विगतका अनुभव तथा प्रयासहरुलाई समेत आधार मानी नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थको उत्खनन् संकलन, ओसार पसार तथा बिक्री वितरण र राजस्व बाँडफाँट सङ्कलन सम्बन्धी कानून बनाइ कार्यान्वयन गर्नु वाञ्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय निर्देशिका (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाले **ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन, उत्खनन्, बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१** नगरकार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यो निर्देशिकाको नाम "**ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन, उत्खनन्, बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१**" रहेको छ।

२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) "ऐन" भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ सम्झनु पर्छ,

ख) "मन्त्रालय" भन्नाले संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको महाकाली नगरपालिका सम्झनु पर्छ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

घ) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

ङ) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ।

च) "ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ" भन्नाले उत्खनन गर्न अनुमती भएको नदी, खोलाबगर वा खानी क्षेत्रबाट संङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिष्कट, पाँगो, भरुवा सम्झनु पर्छ।

छ) "नदी किनारा" भन्नाले नदी बहाव क्षेत्रबाट दाँया वा बाँया एक किलो मिटर सम्मको क्षेत्र सम्झनु पर्छ।

ज) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन गरिएको ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्छ।

झ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा (२) खण्ड (म) बमोजिमको अध्ययन सम्झनुपर्छ।

ञ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा (२) खण्ड (ड) बमोजिमको अध्ययन सम्झनुपर्छ।

ट) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षीप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ।

ठ) "वातावरणीय प्रभाव मुल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा (२) खण्ड (फ) बमोजिमको अध्ययन तथा मुल्याङ्कन सम्झनु पर्दछ ।

३. **निर्देशिकाको आवश्यकताः** ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा ब्यवस्थापन (पहिलो संशोधन) मापदण्ड, २०७९ को अधिनमा रही महाकाली नगरपालिका क्षेत्र भित्रको प्राकृतिक रुपमा थुपारेको नदीजन्य तथा खानीजन्य पदार्थको कारणले बाढी, डुवान र कटान जस्ता विपद् ल्याउन सक्ने हुनाले यसरी थुपारीएका नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोतलाई ब्यवस्थित गरी जोखिमको न्युनीकरण गर्नु जरुरी भएको छ। नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् निषेधित गरिएको क्षेत्रबाट निकासी हुन सक्ने सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी उत्खनन् नियन्त्रण गर्न आवश्यक रहेकोछ। अर्को तर्फ सार्वजनिक पूर्वाधार विकास निर्माण कार्य र निजी निर्माण कार्य समेत तिव्र गतिमा अगाडी बढेकोछ। यस अवस्थामा एकातर्फ निषेधित प्रकृतिक स्रोतको संरक्षण गर्नु परेको र अर्को तर्फ स्थानीय बजारमा ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिइ सहज आपूर्ति गर्न र सोको उत्खनन् संकलन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोछ। यसरी स्थानीयस्तरमा उपलब्ध प्रकृतिक स्रोत दिगो उपयोग गर्दै आन्तरिक राजश्व परिचालन गर्नु नितान्त आवश्यक भएकोले निर्देशिका बनाइ कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेकोछ।



प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

४. निर्देशिकाको उद्देश्यः

१. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन (पहिलो संशोधन) मापदण्ड, २०७९ को प्रभावकारी कार्यान्वयनको लागि निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका शर्तहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी नदी वा खानीबाट ढुङ्गा, गिट्टी, वालुवाको अधिक दोहन हुनबाट रोकी दिगो उपभोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने,

ख) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलन तथा ओसार पसार गर्ने सन्दर्भमा संघीय सरकार, प्रदेश सरकारबाट भएका बिभिन्न नीतिगत निर्णयहरुलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने,

ग) नदीजन्य तथा खानीजन्य पदार्थ सहज उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने, तथा सार्वजनिक पूर्वाधार विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिने,

घ) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् र संकलनबाट प्राप्त राजस्वको बाँडफाँटका आधारहरु तय गर्ने,

ङ) नदीजन्य तथा खानीजन्य पदार्थबाट प्राप्त राजस्व स्थानीय तहमा समुचित र समतामुलक रुपमा उपयोग गर्ने,

च) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्ने कार्यमा आश्रीत स्थानीय श्रमिकको जीवीकोपार्जनका लागि आवश्यक नीति नियम बनाई लागु गर्ने ।

५. उत्खनन् र संकलनको लागि निर्देशिकाले तोकेको क्षेत्रः

१. नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने क्षेत्र निर्धारण देहाय बमोजिमको आधारमा गर्नेछ।

क) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न स्थानीय तहले स्वीकृत गराएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्रहरु,

ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले नदीजन्य तथा खानीजन्य पदार्थहरु थुप्रन गई सोको कारणले प्रकोप जोखिम निम्तिन सक्ने भएकोले प्राविधिक टोलीको सिफारिसका आधारमा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी बिस्तृत बिवरण तथा सिमाङ्कन सहित तोकेको स्थलहरु,

ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माणमूखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्र,



नि. प्रमुख प्रशासकीय अधिकृत

घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र,

ङ) उपदफा (२) खण्ड (ख) अनुसारको प्राविधिक टोली गठन सम्बन्धी व्यवस्था जिल्ला विपद व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

२. उपदफा (१) मा तोकिएको क्षेत्रमा नदीजन्य तथा खानीजन्य पदर्थ उत्खनन् संकलन तथा बिक्री वितरणको व्यवस्था प्रचलित कानुन बमोजिम गरिनेछ ।

## परिच्छेद-२

## नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री वितरण सम्बन्धी व्यवस्था

६. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, बिक्री वितरण प्रक्रिया:

१. यस निर्देशिका बमोजिम उत्खनन्, संकलन र बिक्री वितरण गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

क) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी कार्ययोजना नगरपालिकाले प्रत्येक बर्ष तयार गरी कार्यान्वयन गर्नु पर्नेछ। यस सम्बन्धमा अनुसूचि–१ मा उल्लेख गरिएका विभिन्न चरणहरु अवलम्बन गर्नु पर्नेछ।

ख) नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलनको लागि प्रचलित कानुन वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण गराई नदीजन्य तथा खानीजन्य पदार्थहरुको परिमाण निर्धारण गराएर मात्र उत्खनन तथा संकलन प्रक्रिया शुरु गर्नु पर्नेछ।

ग) नदीजन्य तथा खानीजन्य पदार्थ संकलन र उत्खनन् दुई वटा स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने अवस्था भएमा संयुक्त समिति बनाई संकलन र उत्खनन् को व्यवस्था मिलाउनु पर्नेछ।

घ) नदीजन्य तथा खानीजन्य पदार्थ संकलन र उत्खनन् कार्यको लागि ठेक्का वा अन्य कुनै व्यवस्था गरी कार्य गराउनु पुर्व वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संग तादम्यता कायम गरी प्रत्येक वर्षायाम पछि अनुसूची-२ अनुसार वातावरणीय चेक लिष्ट बनाई सो बमोजिम प्राविधिकबाट प्राविधिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संग तादम्यता कायम हुने गरी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन तथा ओसार पसार सम्बन्धी प्रचलित कानुन बमोजिम बोलपत्र अव्हान गर्नु पर्नेछ।

ङ) प्रत्येक बर्ष बोलपत्र बन्दोबस्त गर्नुपूर्व वातावरणीय अध्यन प्रतिवेदनमा उल्लिखित परिमाणलाइ प्राविधिक अध्ययनको आधारमा परिमाण अध्यावधिक गर्नु पर्नेछ र सोही

परिमाणको आधारमा उत्खनन संकलनको लागि तोकिएको राजस्व दरमा राजस्व संकलन हुने गरी बोलपत्र बन्दोबस्त सम्बन्धी व्यवस्था मिलाउनु पर्नेछ ।

च) सम्भाव्यता अध्ययन गर्दा प्राकृतिक स्रोत तथा साधनको अनियन्त्रित उत्खनन् संकलन वा दोहन हुन नदिन कुन क्षेत्रबाट कति हद सम्म संकलन वा उत्खनन् गर्न सकिन्छ वा सो अध्ययन गर्दा ३० मिटर भन्दा फराकिला नदीहरु, स्थिर नदी खोलाहरु भन्दा छुट्टिने र मिल्दै बग्ने (ब्रेडेड) नदी छान्ने, जीव र वनस्पति कम भएको नदीहरु छनोट गर्ने आधारहरु तय गर्नु पर्नेछ ।

छ) नदीजन्य तथा खानीजन्य पदार्थको संकलन गरिने क्षेत्रको परिमाण यकिन गर्दा नगरपालिकाले प्रतिनिधि, प्राविधिक र टोल विकास संस्था तथा स्थानीय बासिन्दा समेतको रोहवरमा स्थानको परिमाण एकिन, चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सिमांकन गर्नु पर्ने सो सम्बन्धी सूचना पाटी (Hording Board) व्यवस्थापन गरी सोही ठाउँमा राख्ने व्यवस्था गर्नु पर्नेछ। यसरी तोकिएको सिमा भित्रबाट मात्र उत्खनन् कर्ताले नदीजन्य तथा खानीजन्य पदार्थको संकलन, उत्खनन् गरी लैजान सक्नेछ।

ज) यस निर्देशिका बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन तथा ओसार पसार गर्न अनुमति प्रदान गर्दा कुनै स्थानमा जम्मा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

झ) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्दा सम्वन्धित वडाको रोहवर, उक्त कार्यमा खटिएका प्रविधिकको तथा कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको क्षेत्र भित्रको सिमाबाट मात्र वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिए बमोजिम र श्रममुलक प्रविधिको प्रयोग सम्वन्धमा सम्झौतामा उल्लेख गरिएको व्यवस्था बमोजिम गर्नु पर्नेछ। साथै स्थानीय नागरिकलाई श्रममा विषेश प्राथमिकताका साथ राख्नु पर्नेछ।

तर, मेशिन प्रयोग गर्नु पर्ने भएमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नु पर्नेछ साथै विपद जोखिम संवेदनशील क्षेत्रमा मेशिन प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितको अनुमति लिनु पर्नेछ

ञ) उत्खनन् गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम र अन्यको हकमा ठेक्का सम्झौता वा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ साथै उत्खनन् स्थलमा टेक्टर र ८ घ.मी. सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउनु पर्नेछ ।

ट) उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण सम्वन्धित नगरपालिकाले स्थानीय सहमतिका आधारमा गर्ने, नदी वा खोलामा उत्खनन् का लागि साधन सहित प्रवेश गर्दाका

बखत यस निर्देशिकाको अनुसूचि–६ बमोजिको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन् गर्न प्रवेश गर्न दिने। उत्खनन् परिमाण खुलेको प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने। नगरपालिकाले अनुगमन गर्दा सोही अभिलेखको आधारमा निरन्तर अनुगमन गर्नु पर्नेछ।

ठ) उत्खनन् गरी सके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्नेछ। नदीबाट उत्खनन् गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नु पर्नेछ। संकलन र उत्खनन् गर्दा नदीको पानीको वहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन्।

ड) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदनमा भएका शर्तका साथै ठेक्का शर्त र आन्तरिक अनुगमन समिति तथा महाकाली नगरपालिकाको कार्यालयले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

ढ) सडक विभाग र नगरपालिकाले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् र संकलन गर्न वा सञ्चय गर्न पाइनेछैन्।

ण) वनक्षेत्र आसपास एवं अन्य संवेदनशील क्षेत्रबाट नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्दा डोजर, स्काभेटर, लोडर जस्ता हेवी इक्वीपमेण्ट प्रयोग गर्न पाइनेछैन। त्यस्तो कार्य भएको पाइएमा सो कार्य तत्काल रोक्न नगरपालिकाले सम्वन्धित निकाय संग समन्वय गरी रोक लगाउनु पर्नेछ।

त) वन क्षेत्रको नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन गर्दा स्वीकृत वातावरणीय मुल्याङ्कनमा व्यवस्था भए भन्दा अन्यथा गरेको पाईएमा वन सम्बन्धी कसुरमा कानून वमोजिम वन कार्यालयले कारवाही गर्ने र ठेक्का सम्बन्धी कसूर भएमा नगरकार्यपालिकाको कार्यालयले कारवाही गर्ने प्रक्रिया बढाइनेछ।

थ) उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरी उत्खनन् स्थलमा खुल्ला दिशा गर्न निषेध गर्नु पर्नेछ ।

द) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन गर्दा प्रत्येक बर्ष असार देखि भाद्र मसान्त सम्म उत्खनन्, संकलन गर्न पाइने छैन् ।
तर जिल्ला विपद व्यवस्थापन समितिले सो कार्यको लागि १५ दिन अगाडी पछाडी गर्न सक्नेछ

७. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् परिमाण नियन्त्रण विधिः

१. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन नगरपालिकाले देहाय् बमोजिम गर्नु पर्नेछ ।

क) संकलन तथा उत्खनन् आदेश दिनु पूर्व प्राविधिकबाट गरिएको नापजाँच तथा रेखाकंनका आधारमा पहिलो पटक उत्खनन् लाईन दिनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

ख) यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा नगरपालिकाले र संबन्धित वडाले नियमित अनुगमन गर्नु पर्नेछ ।

ग) दैनिक उत्खनन् गरिएको नदीजन्य तथा खानीजन्य पदार्थको अनुसूचि-७ बमोमिको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्नु पर्नेछ ।

घ) अनुसूचि-८ बमोमिको ढाँचामा दैनिक बिक्री निकासी तेरिज तयार गरी सम्बन्धित ठेकेदारले नगरपालिकालाई पठाउने र सो को अभिलेख राख्ने ।

ङ) नदीजन्य तथा खानीजन्य पदार्थ संकलन र उत्खनन् कार्य व्यवस्थित गर्नको लागि विलिङ्ग व्यवस्था मिलाउनु पर्नेछ। सो विलिङ्ग व्यवस्था नियन्त्रणको लागि नगरपालिकाले विलिङ्ग कन्ट्रोल (Billing Control) सफ्टवेर तयार गर्नेछ ।

च) वालुवा, पाङो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) सञ्चालन गर्दा निस्कासन भएको धुलो, फोहोर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागु गर्ने, गराइने छ ।

छ) ठेक्का पश्चात उत्खनन् हुने परिणाम प्रत्येक महिनाको पहिलो हप्ताभित्र ठेकेदारले नगरकार्यपालिकाको कार्यालयलमा पेश गर्नु पर्नेछ ।

८. नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसार गर्ने विधिः

१. नदीजन्य तथा खानीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्नेछ।

क) नदी तथा खानी प्रवेश आदेश लिई उत्खनन् गरिने स्थानमा प्रवेश गरी उत्खनन् गरी नदीजन्य तथा खानीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्नेछ ।

ख) नदीजन्य तथा खानीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसंग भर्न लगाई लिनु पर्नेछ, पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि) अनुगमनको क्रममा फरक परेमा शर्त उल्लंघन गरेको ठहर गर्नु पर्नेछ।

ग) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय तोकी दिनु पर्नेछ।

घ) नदीजन्य तथा खानीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र ८ घ.मि. सम्मको ट्रक/टिप्पर मात्र प्रयोग गर्न पाउनेछ।

ङ) नदीजन्य तथा खानीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्नु पर्नेछ। सोको अनुगमनको प्रबन्ध नगर प्रहरी, नेपाल प्रहरी, शसस्त्र प्रहरी र ट्राफिक प्रहरीले मिलाउनु पर्नेछ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

च) नदीजन्य तथा खानीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन् र पानी चुहाउन पाउने छैन्।

छ) मुलबाटोबाट संकलन तथा उत्खनन् स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन्कर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ।

ज) नदीजन्य तथा खानीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने।

झ) सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्नेछ ।

ञ) नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको पालना सम्बन्धमा जिल्ला अनुगमन समितिले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउन सक्नेछ।

ट) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् उद्योगको बार्षिक नविकरण गर्नु पुर्व कर चुक्ता प्रमाण-पत्र, उद्योग सञ्चालन अनुमति पत्रका साथै वातावरणीय परीक्षण र अनुगमन प्रतिवेदन पेश गर्न लगाई नाविकरणको व्यबस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## अनुगमन सम्बन्धी व्यवस्थाः

९. आन्तरिक अनुगमन समिति सम्बन्धी व्यवस्थाः

१. वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका शर्तहरुको पालना, सामान्य निर्माणमुखी सामग्री उत्खनन् र संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको आन्तरिक अनुगमन गर्न देहाय बमोजिम आन्तरिक अनुगमन समिति गठन गरिनेछ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) जिल्ला समन्वय समितिको प्रतिनिधि | सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| घ) जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| ङ) सशस्त्र प्रहरी बल कार्यालयको प्रतिनिधि | सदस्य |
| च) डिभिजन वन कार्यालयको प्रतिनिधि | सदस्य |
| छ) डिभिजन सडक कार्यालयको प्रतिनिधि | सदस्य |
| ज) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| झ) वातावरण तथा विपद् व्यवस्थापन इकाइ प्रमुख | सदस्य |
| ञ) योजना तथा अनुगमन उपशाखा प्रमुख | सदस्य-सचिव |



प्रमुख प्रशासकीय अधिकृत

२. अनुगमन समितको बैठक आवश्यकता अनुसार बस्नेछ।

३. अनुगमन समितको बैठकमा आवश्यकता अनुसार विज्ञ जनशक्ति तथा कर्मचारी आमन्त्रित गर्न सकिनेछ।

४. अनुगमन समितको बैठक अन्य व्यवस्था नगरपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम हुनेछ।

१०. अनुगमन समितिको काम कर्तव्य अधिकार तथा अन्य व्यवस्था

१. आन्तरिक अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् कार्य प्रारम्भ भै सके पछि यस निर्देशिका बमोजिम भए नभएको नियमित अनुगमन गर्न अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने,

ख) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र प्रशोधन सम्बन्धी अनुगमन गर्दा अनुसूची-९ को नमुना बमोजिम चेक लिष्ट तयार गरी प्रयोग गर्ने,

ग) उत्खनन् संकलन तथा ओसार पसारका शर्तहरुको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेला अनुगमन गर्न अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्ने,

घ) उल्लिखित अनुगमन व्यवस्था अनुसार उत्खनन् तथा ओसार पसारका लागि यस निर्देशिकामा गरिएको सबै व्यवस्थाको पालना भए नभएको, निषेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन् नियन्त्रण, नदीजन्य तथा खानीजन्य पर्दाथको राजश्व छली हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रिक औजारको प्रयोग गरी गरिने उत्खनन् लगायतका विषयमा अनुगमन गरी शर्त उल्लंघन गर्ने उपर कारवाही गर्न नगरपालिको न्यायिक समितिमा प्रतिवेदन सहित सिफारिस गरेमा न्यायिक समितिले संविधानले दिएको अधिकारमा रही कारवाही चलाउन सक्नेछ।

ङ) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियमन गर्न उत्खनन् स्थल, बजार दुरी र उत्खनन् लागत समेत ध्यान दिई नगरपालिकाको आन्तरिक अनुगमन समितिले चौमासिक रुपमा अधिकतम बिक्री दररेट हेरफेर तथा निर्धारण गरी बजार नियमन कार्य गर्नु पर्नेछ र सो को प्रचार प्रसार समेत गर्नु पर्नेछ। यसरी निर्धारण गर्दा अन्य स्थानीय तहको दरलाई पनि आधार लिनु पर्नेछ।

च) सम्झौता अनुसार नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्लाई बार्षिक रुपमा व्यवस्थित गर्न संकलन गरिएको ढुङ्गा, गिट्टी, वालुवाको मौज्दात आर्थिक बर्षको अन्तमा वा सम्झौता बमोजिम शुन्य गर्ने गरी अनुगमन समितिले व्यवस्था मिलाउनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

छ) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्दा वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको हकमा एक्सावेटर, डोजर लगायतका हेभि औजारको प्रयोग पूर्ण रुपले बन्देज गर्नु पर्नेछ। तर एक्सावेटर तथा ठूला गह्रौं उपकरण प्रयोग गरी उत्खनन गर्दा कुनै नदीबाट दैनिक २५० घ.मी. नबढ्ने गरी दक्ष प्राविधिकको निगरानीमा कम भन्दा कम मेसिनहरू सम्बन्धित निकायको अनुमतिमा प्रयोग गर्न सकिनेछ।

ज) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्दा वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रत्येक बर्ष बर्षात समय सकिए पछि नदीको अनुगमन गरी जम्मा भएको नदीजन्य तथा खानीजन्य पदार्थको अवस्थालाई स्थलगत निरीक्षण गरी नदी तथा खानीको अवस्था अनुसार वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन गर्नु पर्ने भएमा नगरकार्यपालिकालाई सिफारिस गर्न सक्नेछ।

झ) ठेक्का सम्झौताका शर्तहरु पालना नभएको अवस्थामा नगरपालिकाको न्यायिक समितिले निर्धारण गरेको जरिवाना तथा कारवाही कार्यान्वयन गराउनु पर्नेछ। सो जरिवानाको निश्चित प्रतिशतले हुने रकम अवैध उत्खनन् तथा चोरी निकासी कार्यमा सहयोग गर्ने सुराकीलाई पुरस्कार स्वरुप प्रदान गर्ने सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

ञ) नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य र सोको प्रशोधन तथा विक्रि वितरण गर्ने कार्य भिन्दा भिन्दै व्यवस्थित गरी सम्झौता बमोजिम उत्खनन्, प्रशोधन भए नभएको एकिन गरी विक्रि तथा निकासीको व्यवस्था मिलाउन सकिनेछ।

ट) क्रसर उद्योगहरुको दूरीको मापदण्डका साथै तोकिएको स्थानमा उद्योग सञ्चालन गर्ने वा नगर्ने एवं तोकिएका शर्तहरु पालना नगर्ने उद्योगहरुलाई अनिवार्य रुपमा तोकिएका शर्तहरु पालना गर्न लगाउने।

ठ) यो निर्देशिका बमोजिम मापदण्ड पुरा नगर्ने उद्योग तुरुन्त बन्द गर्न पर्नेछ। तर स्थानान्तरण गर्न पर्ने उद्योगहरुलाई पहिलो आर्थिक बर्षको लागि कर छुट दिन सकिनेछ।

ड) नदीजन्य तथा खानीजन्य पदार्थ स्थानीय आवश्यकता एवं त्यसको बजार मुल्यका सम्वन्धमा आन्तरिक अनुगमन समितिले नियमित अनुगमन गरी अनुचित मुल्यबृद्धि हुन नदिने गरी व्यवस्था मिलाउने र अधिकतम मूल्य निर्धारण गरी सो भन्दा बढिमा बिक्री वितरण गर्ने उद्योग एवं व्यक्तिलाई कानुन बमोजिम कारवाही गर्नको लागि न्यायिक समितिमा सिफारिस गर्नु पर्नेछ । साथै कुनै उद्योग तथा व्यवसायीहरुबाट ढुङ्गा, गिट्टी र वालुवाको कृत्रिम अभाव सृजना गरे वा अनुचित मुल्य बृद्धि गरेको वा आपुर्तिमा अवरुद्ध



नि.प्रमुख प्रशासकीय अधिकृत

गरेको पाईएमा न्यायिक समितिले संविधानले दिएको अधिकारमा रही आवश्यक कारवाही गर्न सक्नेछ।

ढ) अनुगमनको क्रममा कुनै नदी वा खानीमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिणाम उत्खनन् भैसकेको पाईएमा ठेक्का अवधि बाँकी रहे पनि उक्त नदी तथा खानीमा उत्खनंन् गर्ने कार्य बन्द गर्नु पर्नेछ । सोको व्यवस्था ठेक्का सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

ण) विगत कुनै आ.ब. मा ठेक्का लिई नदी किनारा तथा वन क्षेत्रमा थुपारेर राखेका नदीजन्य तथा खानीजन्य पदार्थ वैध हुन नसक्ने भएकोले सम्बन्धित स्थानीय तह मार्फत जफत गरी लिलाम गर्ने व्यवस्था आन्तरिक अनुगमन समितिले मिलाउनु पर्नेछ र सोको जानकारी ठेकदारलाई दिनु पर्नेछ।

त) प्रदेश र संघ स्तरमा अनुगमन समितिले नगरपालिकाको आन्तरिक अनुगमन समिति संग समन्वय गरी नदीजन्य तथा खानीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा जुन सुकै बेला अनुगमन गर्न सक्नेछ। साथै माथिल्लो निकायबाट भएको अनुगमनको क्रममा दिएको सुझावलाई पृष्ठपोषण सहित कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## क्रसर उद्योग सञ्चालनको लागि दुरी सम्बन्धी मापदण्ड

### ११. क्रसर उद्योग सञ्चालनको लागि दुरी सम्बन्धी मापदण्ड

१. संघीय सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन (पहिलो संशोधन) मापदण्ड, २०७९ लाई आधार मानी क्रसर उद्योग सञ्चालन गर्न देहाय बमोजिमको दुरी सम्बन्धि मापदण्ड पालना गर्नु पर्नेछ ।

| क्र.सं. | विवरण | दुरी कायम गरिएको मापदण्ड |
|---|---|---|
| १ | राजमार्ग तथा सहायक मार्गको राईट अफ वे बाट | २०० मिटर |
| २ | नदी, खोलाको बर्षातको प्रवाह सिमा किनारबाट | २०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | ५०० मिटर |
| ४ | हाईटेन्सन लाईनबाट | १०० मिटर |
| ५ | पक्की पुलबाट | ५०० मिटर |
| ६ | अन्तराष्ट्रिय सिमाबाट | १ कि.मि. |



नि. प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र.सं. | विवरण | दुरी कायम गरिएको मापदण्ड |
|---|---|---|
| ७ | घना वस्तीबाट | ५०० मिटर |
| ८ | वन तथा वनक्षेत्रबाट | ५०० मिटर |
| ९ | ऐतिहासिक ताल, तलैया, जलासय र पोखरीबाट | ५०० मिटर |
| १० | निकुञ्ज तथा आरक्षबाट | २ कि.मि. |
| ११ | सिमसारबाट | १ कि.मि. |
| १२ | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

तर, स्वीकृत खानी क्षेत्रभित्र स्थापना हुने क्रसर उद्योगको हकमा माथी उल्लिखित दुरी लागु हुने छैन्।

२. नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उत्खनन् संकलन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्न पर्नेछ ।

३. उपदफा (२) बमोजिम प्रक्रिया पूरा गरी नयाँ दर्ता हुने क्रसर उद्योग सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरु वा प्रदेशको सम्बन्धित मन्त्रालय वा सो मातहतको सहमति लिइ दर्ताका लागि निवेदन दिने व्याक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानुनले गरेको वर्गिकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग संचालन अनुमति प्रदान गर्नेछ

४. प्रशोधन कारखाना स्थापना गर्दा साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ पोण्ड) व्यवस्था गरेको हुन पर्नेछ।

५. प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मुल्याङ्कन स्वीकृत गरी स्थापना वा सञ्चालन गरेका नदीजन्य तथा खानीजन्य क्रसर तथा प्रशोधित उद्योगले आफ्नो उद्योगको बार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत खुलाउनु पर्ने तथा हरेक बर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको बार्षिक मौज्दात तथा आय व्यय घोषणा गर्नु पर्नेछ।

६. अवैध क्रसरको माध्यमबाट नदीजन्य तथा खानीजन्य पदार्थ संकलन गरी मुल्य अभिबृद्धि कर विजक जारी गरेको आधारमा नदीजन्य तथा खानीजन्य पदार्थको कारोवार बैध हुन नसक्ने भएकोले यस प्रकारको कारोवारमा रोक लगाउनु पर्ने ।

७. आन्तरिक अनुगमन समितिले क्रसर तथा प्रशोधन उद्योग संचालन सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गराउनु पर्नेछ र मापदण्ड पुरा नगर्ने उद्योगहरु तत्काल बन्द गराउनु पर्नेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलमा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

८. क्रसर, वालुवा धुने तथा प्रशोधन गर्ने उधोगहरुले आफुले प्रयोग गर्ने नदीजन्य तथा खानीजन्य पदार्थको स्रोत आन्तरिक अनुगमन समितिलाई दिनु पर्नेछ र स्रोत नखुलेको नदीजन्य तथा खानीजन्य पदार्थ पाईएमा जरिवाना सहित राजस्व निर्धारण गरी राजस्व असुली गर्नु पर्नेछ।

९. नदी किनारा तथा सडक किनारामा स्थापना गरी सञ्चालन भएका वालुवा प्रसोधन उद्योगलाई निश्चित समय दिई स्थानान्तरण गर्न लगाउने र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा नगरपालिकाले दर्ता खारेज गर्न सक्नेछ ।

१०. नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगको हकमा प्रारम्भिक वातावरणीय अध्ययन तथा वातावरणीय प्रभाव मुल्याङ्कन गराई उत्पादनमुलक उद्योगको प्रक्रियाबाट दर्ता हुने ब्यबस्था मिलाउनु पर्नेछ।

११. निर्देशिका लागु हुनु भन्दा पूर्व स्थापना भएका उद्योगहरुलाइ मापदण्ड पुरा गराइ कार्यान्वयन गराउनु पर्नेछ ।

## परिच्छेद ६

**१२. नेपाल सरकारबाट संचालित ठूला आयोजनाको लागि विशेष व्यवस्था:**

१. नेपाल सरकारबाट संचालन भएका राष्ट्रिय गौरवका आयोजनाहरुके हकमा देहाय बमोजिम प्रक्रिया संचालन गरिनेछ।

२. नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा ब्यवस्थापन मापदण्ड, २०७७ को आधारमा नेपाल सरकार र स्थानीय तहबाट संचालित तथा दातृ निकायहरुबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका प्रावधान पालना गरी आयोजना आफैले उत्खनन् गरी नगरपालिकालाई नियमानुसार राजस्व बुझाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३. यसरी प्राप्त गरेको नदीजन्य तथा खानीजन्य पदार्थ आयोजनाको लागि मात्र प्रयोग गर्नु पर्नेछ । अन्यत्र प्रयोग भएमा कारवाही हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गर्ने उद्योगबाट उत्पादित सामग्री पानी नचुहाई, नपोखी र सामग्री ढाकेर ओसार पसार र ढुवानी अन्य दफामा भएका प्रावधान बमोजिम गर्नु पर्नेछ ।

५. संघ, प्रदेश र नगरपालिका तथा दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरुको वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण गर्दाको बखत नै आयोजनालाई चाहिने नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गरिने स्थलको समेत आयोजना आफैले सोही वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउन सक्नेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

६. नेपाल सरकार र महाकाली नगरपालिका तथा दातृ निकायहरु संचालित आयोजनाहरुको लागि ढुङ्गा, गिट्टी, वालुवाको ओसार पसार र ढुवानी गर्दा अन्य दफामा व्यवस्था भए बमोजिमका प्रावधानहरु पालना गर्नु पर्नेछ ।

७. संघ प्रदेश तथा दातृ निकायको सहयोगमा संचालित परियोजनाहरुलाई माग बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, योजनाले स्वीकृत गरेको वातावरणीय मुल्याङ्कन प्रतिवेदन, कर तिर्ने प्रतिबद्धता, आयोजनाको बृहत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सोहि निकायबाट कर संकलन गर्ने गरी आन्तरिक अनुगमन समितिबाट निर्णय गराइ उपलब्ध गराउन सकिनेछ ।

८. बैदेशिक सहायताबाट संचालित परियोजनाको हकमा नदीजन्य तथा खानीजन्य पदार्थ निःशुल्क रूपमा उपलब्ध गराउनु पर्ने भएमा सम्बन्धित योजनाको लागि भएको दुई पक्षीय वा बहुपक्षीय सम्झौतामा सो बिषय खुलेको हुनु पर्नेछ ।

## परिच्छेद-७

## वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी व्यवस्था:

१३. वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी व्यवस्था:

१. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलन गर्न पूर्व नगरपालिकाले देहाय बमोजिम वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी व्यवस्था तयार गर्नु पर्नेछ।

क) वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७, बमोजिम नगरपालिकाले संक्षिप्त वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सहितका वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ

ख) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन प्रस्तावकले महाकाली नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषय सँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

ग) कार्यपालिकाले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गराउनु भन्दा अघि देहाय बमोजिमको प्राविधिक समिति गठन गरी प्रतिवेदन संग सम्बन्धित राय सुझावको आधारमा प्रतिवेदन स्वीकृत गर्न सक्नेछ।

घ) प्राविधिक समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछन्।

१. नगरपालिकाको प्राविधिक शाखा प्रमुख................................संयोजक

२. वन र वातावरण संग सम्बन्धित कार्यालयको अधिकृतको प्रतिनिध..... ..... सदस्य

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

३. योजना तथा अनुगमन उपशाखा प्रमुख ........................... ......सदस्य-सचिव

ङ) वातावरणीय परीक्षणको कार्यसूची (ToR) र अध्ययन प्रतिवेदनको ढाँचा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ।

च) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद–८

**१४. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलनबाट प्राप्त राजस्व बाँडफाँट तथा प्रयोग सम्बन्धी व्यवस्था:**

१. राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था गर्दा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गरिने स्थल र क्षेत्रमा पर्ने वातावरणीय, सामाजिक तथा आर्थिक असरलाई ध्यान दिनु पर्नेछ ।

२. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गरिने स्थल र क्षेत्रको माथिल्लो र तल्लो भागको वातावरणीय, सामाजिक तथा आर्थिक असरलाई ध्यान दिनु पर्नेछ ।

३. राजस्व बाँडफाँट सम्बन्धि व्यवस्था गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा ब्यवस्थापन मापदण्ड, २०७७ बमोजिम ६०% महाकाली नगरपालिकाको संचित केषमा र ४०% प्रदेश सरकारको प्रदेश संचित कोषमा जम्मा हुने गरी बाँडफाँट गरिनेछ।

४. उपदफा (३) बमोजिम राजस्व बाँडफाँट गर्दा व्यवस्थापन तथा अनुगमन खर्च कटाइ हुन आउने रकमलाई १००% मानी राजस्व बाँडफाँट गरिनेछ ।

५. बाँडफाँटबाट प्राप्त राजस्वको कम्तिमा २५% रकम उत्खनन् क्षेत्रको वातावरणीय सुधार कार्यमा केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यसरी कार्यक्रम सञ्चालन गर्दा प्रभावित समुदायकै सहभागितामा प्रभावित क्षेत्रको जैविक विविधता, प्राकृतिक स्रोत संरक्षण तथा कामदारको हितमा केन्द्रित गर्नु पर्नेछ ।

६. बाँडफाँटबाट प्राप्त राजस्वको १५% रकम प्रभावित क्षेत्रका जनता विशेष गरी दलित, आदिवासी जनजाति, पिछडिएको वर्ग, महिला तथा न्युन आय स्रोत भएका समुदायलाई केन्द्रित गरी जीवीकोपार्जन सहयोग हुने कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यसरी कार्यक्रम सञ्चालन गर्दा प्रभावित समुदायको मात्र सहभागितामा गर्नु पर्नेछ।

## परिच्छेद ९

## विविध

**१५. टोली गठन सम्बन्धी व्यवस्था:** नगरपालिकाले प्रत्येक बर्ष स्रोतको पहिचान, आंकलन र उपयोगको लागि अध्ययन गर्न विज्ञ सहितको एक कार्य टोली बनाई काम लगाउनु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१६. अन्य स्थानीय तहहरुमा निकासी सम्बन्धी व्यवस्थाः नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् गरी निकासी गर्दा मुल्य अभिबृद्धि गर्न कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्नु पर्नेछ । तर निकासी सम्बन्धि ब्यवस्था नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. श्रमिक सम्बन्धि व्यवस्थाः

१. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको कार्यमा श्रमिक खटाउदा देहाय बमोजिम हुनेछ।

क) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको क्षेत्रमा बसोवास गर्ने तथा उक्त कार्यमा आश्रित समुदायको पहिचान गर्ने, यसरी पहिचान भएका श्रमिकले सम्बन्धित वडामार्फत श्रमिक सुचिकृत भइ श्रमिक परिचयपत्र लिन चाहेमा श्रमिक सुचिकृत गरी र फोटो सहितको श्रमिक परिचयपत्र वितरण गर्न सकिनेछ।

ख) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको कार्यमा कार्यमा संलग्न श्रमिकको पहिचान गरी सम्वन्धित वडाले श्रमिक सुचिकृत गरी फोटो सहितको श्रमिक परिचय-पत्र वितरण गर्नु पर्नेछ।

ग) श्रमिकलाई काम लगाउँदा नगरपालिकाको सम्वन्धित वडामा सुचिकृत भएका श्रमिकलाई मात्र काममा लगाउनु पर्नेछ र करार पत्र गरी काममा लगाउनु पर्दछ। सुचिकृत नभएका श्रमिकलाई काममा लगाउन पाइनेछैन्।

घ) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको कार्यमा श्रमिक कामदार काममा खटाउदा सो क्षेत्रमा आश्रित तथा स्थानीय श्रमिकलाइ प्राथमिकता दिइ काममा खटाउनु पर्नेछ।

ङ) स्थानीय सूचिकृत श्रमिक नपुग भएमा वा स्थानीय श्रमिकबाट कार्य सम्पन्न हुन नसक्ने भएमा अन्य श्रमिकलाइ काममा खटाउन बाधा हुनेछैन्।

२. श्रमिकको ज्याला अन्तराष्ट्रिय श्रम ऐनले निर्धारण गरे बमोजिम उद्योगी र श्रमिक बीच भएको करार सम्झौता बमोजिम हुनेछ।

३. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको कार्यमा संलग्न श्रमिकको विमा र स्वास्थ्यको पक्षमा आवश्यक व्यवस्था, सामाजिक सुरक्षा कोषमा संलग्न गराउने कार्य, उत्खनन् र प्रशोधनकर्ताले गर्नु पर्नेछ।

४. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको संलग्न श्रमिकको कामको पारिश्रमिक सके सम्म बैंकीङ्ग प्रणाली अवलम्वन गर्नु पर्ने साथै श्रमिकको अधिकतम हक, हित र सुरक्षालाई मध्यनजर गर्नु पर्नेछ।

५. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन तथा ओसार पसारको कार्यमा संलग्न श्रमिकलाई सुरक्षा तालिम र सुरक्षा सामग्री उपलब्ध गराउन पर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१८. **सुचना पाटी सम्बन्धी व्यवस्था:** नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् संकलन तथा ओसार पसार गरिने स्थलमा अनुसूचि-१० बमोजिमको ढाँचामा सूचना पाटी अनिवार्य राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१९. **वातावरणमैत्री उद्देश्य:**

१. सम्बन्धित सरोकारवाला समुदायको पेशालाई कुनै असर नपर्ने गरी हाल भएको व्यवस्थालाई अझै सुदृढ बनाउन ध्यान दिनु पर्नेछ ।

२. सांस्कृतिक र धार्मीक महत्वको ठाउँहरुलाई ध्यानमा राख्नु पर्नेछ ।

३. नदीको किनार वरिपरि वृक्षरोपण गरी भु-क्षयबाट हुन सक्ने प्राकृतिक प्रकोपलाई न्युनिकरण गर्ने व्यवस्था मिलाउने पर्नेछ।

४. सार्वजनिक सडकको दायाँ वायाँ पैदल पथ र नाला निर्माण गर्न ध्यान दिनु पर्ने ।

५. सरकारी निकाय तथा अन्य सरोकारवाला संगको समन्वयमा नदी खानीको छेउछाउमा वसोवास गर्ने स्थानीयहरुको जीविकोपार्जानमा सहयोग पु¥याउने कार्यक्रम संचालन गराउनु पर्नेछ।

२०. **संशोधन सम्बन्धी व्यवस्था:** यस निर्देशिकामा संशोधन तथा हेरफेर गर्नु पर्ने वाञछनीय भएमा नगरकार्यपालिकाको बैठकबाट संशोधन तथा हेरफेर गर्न सकिनेछ।

२१. **बचाउ तथा खारेजी सम्बन्धी व्यवस्था:**

१. ढुङ्गा, गिट्टी, वालुवा सङ्कलन उत्खनन् बिक्री वितरण तथा राजस्व व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ खरेज गरिएकोछ।

२. यो निर्देशिका लागु हुनु भन्दा पूर्व भए गरेका क्रियाकलापहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ

३. यस निर्देशिकामा उल्लिखित भएको कुरा संघ तथा प्रदेश कानुन संग बाझिएको हदमा स्वत: निष्कृय भएको मानिनेछ ।

वि. प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूचि-१

नदीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थको संकलन, उत्खनन्का चरणहरुको नमुना फारम

| क्र.सं | चरणहरु | समय अवधि |
|---|---|---|
| १ | बर्षायाम पछि नदीको नक्शा तयार | |
| २ | संकलन र उत्खनन् को लागि सम्भाव्यता क्षेत्र पहिचान | |
| ३ | वातावरणीय प्रभाव मुल्याङ्कन कार्य/प्रारम्भिक वातावरणीय परिक्षण | |
| ४ | प्रस्ताव माग | |
| ५ | प्रस्ताव विश्लेषण | |
| ६ | प्रस्ताव स्वीकृति | |
| ७. | सम्झौता प्रक्रिया र कार्यान्वयन प्रक्रिया | |

अनसूची-२

प्रत्येक बर्ष बर्षायाम पछि नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्टको नमूनाः

| क्र.सं | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरु अनुसारको अवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले संकलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | संकलन, उत्खनन र ढुवानीको लागि नयां प्रावधान आवश्यक | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार संकलन तथा उत्खनन गर्न मिल्छ वा मिल्दैन | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परिमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलौरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची–३

बोलपत्रको नमुना फाराम

ठेक्का नं:....................

ठेक्काको नाम:

....................

(राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति: ....................गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बद्ध कानुन बमोजिम यस नगरपालिकाले तोकिएको नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ निकाली तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व....................सम्मको करचुक्ता प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

**निर्माण सामग्री उत्खनन् र घाट गद्दी:**

सम्बन्धित निकायको स्वीकृत वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुंगा, गिट्टी, र बालुवा उत्खनन् र तोकिएको स्थानमा घाटगद्दी गरी बिक्रि वितरण गर्नु पर्नेछ ।

| सि. न | नदीजन्यतथा खानीजन्य पदार्थ उत्खनन गर्ने स्थान वा नदीको नाम | बालुवा (क्यू.फि.) | ढुंगा (क्यू.फि.) | ग्राभेल/मोरङ्ग/गिट्टी (क्यू.फि.) | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**बोलपत्रका शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. .................... को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै



प्रमुख प्रशासकीय अधिकृत

तिरेको वा ..................... बैंक शाखा कार्यालय .............................. रहेको यस कार्यालयको हि.नं. .................... मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै Electronically बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटबाट बोलपत्र Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएकोछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको ........... बैंक, स्थित माथि उल्लेखित खातामा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ Upload गर्नु पर्नेछ । ३० औं दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५%को दरले हुन आउने धरौटी रकम यस कार्यालयको ........... बैंक ....................मा रहेको धरौटी हि.नं. .......................मा जम्मा गरी सोको सक्कल बैंक भौचर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी .................... दिनको म्याद सहित जारी गरिएको विड वण्ड शिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले .................... औं दिन दिनको .................... बजे भित्र यस कार्यालयमा Hard copy वा electronically दर्ता गर्न सकिनेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपुर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको ............बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन्। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

६. Pre-bid बैठक यो सूचना प्रकाशित मितिले ......औं दिन दिनको .........बजे .............को कार्यालयमा हुनेछ र इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ।

७. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी र/वा शर्त सहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न कार्यालय वाध्य हुनेछैन्। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ........दिन भित्र मु.अ. कर दर्ता प्रमाण-पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत .......% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ........%ले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा....................सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ साथै अग्रिम रुपमा एकमुष्ट कवोल अंक दाखिला गरेमा कवोल अंकको ....................% सम्म रकम छुट दिन सकिनेछ । साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप .....% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

१०. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

११. महाकाली नगरपालिकाको खानी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, महाकाली नगरपालिकाबाट स्वीकृत गरिएको वातावरणीय प्रतिवेदन र यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१२. सम्झौता नगरी अस्थायी ठेक्का चलानपूर्जी दिईनेछैन। समयमा सम्झौता नगरी ठेक्का चलान पूर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन ।

१३. कर, दस्तुर, शूल्क आदि तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन्।

१४. कर, दस्तुर, शूल्कको दर लगायत अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ। सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

१५. शूल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

१६. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स फुकुवापत्र प्राप्त भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ। सम्मानित अदालत, नेपाल सरकारको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तब्य हुनेछ। निर्देशन वा आदेशको पालना नगरेको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम कार्यालयमा दावी गर्न पाईनेछैन्।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सरकारले तर्जुमा गरेका ऐन, नियम र निर्देशिका, सम्बन्धित स्थानीय सभाले गरेका निर्णय र प्रचलित कानुन अनुसार हुनेछ।

१८. ठेक्काको कर असुल गर्नु पर्ने दर रेटको सूची तालिका र शर्तहरु सम्बन्धित स्थानीय तहलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाई बाँकी रहेकोमा वा अन्य कुनै दायित्व बाँकी रहेमा निजको वोलपत्र स्वीकृत गर्न कार्यालय बाध्य हुनेछैन्।

१९. स्थानीय तहले निर्देशन दिई शूल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन। त्यसरी दस्तुर नलिई छोडेको रकम सम्बन्धित कार्यालयबाट माग गर्न पाउनेछैन्।

२०. तोकिएको म्याद भित्र ठेकेदारले स्थानीय तहलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोडन सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ...% का दरले ब्याज समेत ठेकेदारबाट असुल गर्नेछ ।

२१. एउटा स्थानीय तहबाट कर असूल गरी सकेको निर्माण सामग्रीमा अन्य स्थानीय तहबाट कर लगाउन पाइनेछैन्।

२२. नेपाल सरकारको निर्णय स्थानीय तह र सभाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नु पर्नेछ।

२३. सूचना वा यस वोलपत्र फाराममा कुनै त्रुटी भएमा नगरकार्यपालिकाको निर्णयनुसार हुनेछ।

२४. ठेक्काको संकलन केन्द्र निम्नअनुसार स्थानमा राख्नु पर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा स्थानीय तहको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

२५. संकलन केन्द्र राख्ने स्थान

| सि.नं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

२६. आ.व. ..................... को लागि निम्नानुसारको नदीजन्य तथा खानीजन्य सामग्रीमा प्रति घन फिट बिक्रि दरमा सेवा शूल्क वापत ......% र मु.अ.कर वापत .....% थप गरी निम्नअनुसार बिक्री तथा निकासी कर संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् वा निकासी गर्न रोक लगाईनेछ। परिमाण पछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ। साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक बर्ष म्याद थप हुने छैन् ।

२७. उत्खनन् योग्य नदीजन्य तथा खानीजन्य पदार्थ र स्थानीय तहलाई बुझाउनु पर्ने रोयल्टी, बिक्री कर तथा वातावरणीय शुल्क (प्रति घन फिटमा)

| नदीजन्य तथा | रोयल्टी | बिक्री कर | वातावरणीय शुल्क | जम्मा | ठेकेदारले लिन पाउने सेवा शुल्क......%) | मु.अ.कर रकम %) | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|



प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दत्तु, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खानीज न्य पदार्थ | | | | | | | | |
| | | | | | | | | |

२८. ठेकेदारले नदी तथा खानीबाट निर्माण सामग्रीहरु उत्खनन र संकलन विहान …….. बजे देखि बेलुका …….. बजे सम्म मात्र गर्न सक्नेछ तर यसरी गरिने सम्पूर्ण उत्खनन् परिमाणहरु सम्बन्धित रेञ्ज पोष्टबाट जाँचपास दरपिट गराई लैजानु पर्नेछ। नदीबाट निर्माण सामग्री संकलन वा निकासी गर्दा प्रयोग गरिने साधनहरु जथाभावी प्रयोग नगरी नदीबाटै ढुवानी गर्नु पर्नेछ।

२९. निर्माण सामग्रीहरु उत्खनन् र संकलन तथा विक्रि गर्दा राष्ट्रिय प्राथमिकता प्रास आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

३०. नदी खोलाबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

३१. नदीबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाईने छैन् अन्यथा नियमानुसार कारवाही हुनेछ ।

३२. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन स्थानीय तहको कार्यालयबाट हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन् र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन् ।

३३. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

३४. निर्माण सामग्रीहरु उत्खनन् गर्न नदी सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो वापत लागेको खर्च स्थानीय तहमा दावी गर्न पाइनेछैन ।

३५. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा नदी खोलाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

३६. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवै तर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्न पाइनेछैन् ।

३७. मुख्य मार्गबाट वोल्डर, ग्राभेल वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नु पर्नेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

३८. स्थानीय तहबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन् र स्थानीय तहका कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन्। यदि कुनै त्यस्तो अनाधिकृत रकम असुल गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३९. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपुर्जी जारी गरिए पछि कुनै किसिमको मिन्हा हुने छैन्।

४०. ठेक्का सम्झौता भएको मितिको भोलि पल्ट देखि ....................सम्म बिहान ......बजे देखि बेलुका .....बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

४१. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम उठाउन पाउनेछ ।

४२. ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन् तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य तथा खानीजन्य पदार्थ आन्तरिक अनुगमन समिति, जिल्ला अनुगमन समितिको निर्णय तथा वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भए वमोजिम हुनेछ।

४३. चालु आर्थिक बर्षमा तोकिएको अवधि भित्र उत्खनन गरेको निर्माण सामग्रीहरु .....................सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै निर्देशिकामा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामग्रीलाई मौज्दात मानिने छैन् ।

४४. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन्।

४५. निर्माण सामग्री उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा र्सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

४६. ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ।

४७. यस सूचना बमोजिम हुने ठेक्का सम्झौताको अवधि सम्झौताको शर्तहरुमा तोकिए बमोजिम हुनेछ ।

४८. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सम्बद्ध ऐन, नियम, कार्यबिधि र स्थानीय सरकारबाट जारी भएको नियम बमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

४९. वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्नु पर्नेछ।

५०. टेण्डर फाराम मूल्य रु..................

श्री.............
..................

विषयः वोलपत्र पेश गरेको ।

महोदय,

सेवामा निवेदन यो छ की महाकाली नगरपालिका क्षेत्र भित्र रहेको ढुंगा, गिट्टी, वालुवा, मोरङ, ग्राभेल आदिको बिक्री तथा निकासीमा कर संकलन गर्न आ.ब. .................को लागि ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान गरी मिति ........... गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु. .................अक्षरुपी ................. मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी वापत रु .................को बैक भौचर यसै साथ संलग्न राखी वोलपत्र दाखिला गरेको छु ।

तपसिलः

| सि. नं. | ठेक्काको नाम | अवधि | कबोल अङ्क | अक्षेरुपी | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निवेदक
नामः-
बाबुको नामः
बाजेको नामः
फर्मः-
ठेगाना-
उमेर-
दस्तखतः-
मितिः-

नि. प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-४

सम्झौता फारामको नमुना

लिखितम ........................... नाती ........................... छोरा ........................... जिल्ला ........................... गापा/नपा वार्ड नं. ........................... स्थायी घर भई हाल गापा/नपा वडा नं. ......... मा वसोवास गर्दै आएको बर्ष ........................... का ........................... आगे तपसिल वमोजिमको शर्तमा तपसिल वमोजिको क्षेत्रमा ........................... ठेक्का वन्दोवस्त गर्ने गरी यस ........................... प्रकाशित गरिएको मिति ........................... को ठेक्का नं ........................... ढुङ्गा, गिट्टी, र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरणका लागिं तपाई समेतले दिनु भएको वोलपत्रको व्यहोरा पेश हुँदा आ.व. ........................ ...रु... ................. (मु.अ.कर वाहेक) मा ठेक्का दिने गरी तपाई संग ठेक्का सम्झौता गर्न मिति ........................... मा यस ........................... निर्णय भएको हुँदा उपर्युक्त निर्णयअनुसार तपसिलका शर्त बमोजिमका स्रोतबाट तपसिल बमोजिमका क्षेत्रमा स्थानीय निकायको तर्फबाट आय संकलन गर्ने ठेक्काको सम्झौता गर्न मञ्जुरी भै आउनु भएको हो होईन भनी आज मलाई यस ........................... कार्यालयबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो। यसमा तपसिलमा लेखिएको शर्त वमोजिम कामकाज गरी कवुलियत गर्न मञ्जुरी भई उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ........................ गते यस कार्यलयलाई .......... % छुट पाउने रकम कर्टाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ........................... (मु.अ.कर वाहेक) वुझाई मिति ........................... देखि मिति ........................... सम्म आ.व. ........................... को लागि ठेक्का चलाउने छु। पछि मैले गरेको सम्झौता तथा कवुलियत उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातवाट बदर गरी दिनु भनी मेरो मनोमानी राजी खुसी संग रकम चलनको कवुलियत लेखी यस कार्यलयमा चढाए ।

<u>तपसिल</u>

१. तपसिलमा उल्लेख गरिए वमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ........................... को ............ % छुट पाउने रकम कर्टाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ..................... (मु.अ.कर वाहेक) वुझाइ .................... गते देखि .................. सम्मको लागि प्रचलित कानूनको अधिनमा रही ................ ........... आय संकलन गर्नेछु ।

२. उक्त आय संकलन गर्नका लागि स्थानीय सरकारको क्षेत्र भित्र रहेका यसै साथ संलग्न सूचीका माल वस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी .................. लाई अग्रिम एकमुष्ट रकम बुझाएकोछु। यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै ............... प्रमाणित गराई प्रयोग गर्नेछु।

३. सो आय संकलन गर्न ........................... बाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क वा दस्तुर इत्यादि थप गरी लिने छैन् र यस ........................... बाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन ।



प्रशासकीय अधिकृत

यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको स्थानीय तहबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय मलाई मञ्जुर छ ।

४. मैले यस रकम वापत बुझाउनु पर्ने एकमुष्ट कवोल रकमको .......... % छुट लिई मिति ...................... गते विभिन्न चेकहरुवाट रु. .......................... को चेकहरु थान .............. यसै साथ संलग्न गरेको छु।

## नदीजन्य तथा खानीजन्य पदार्थहरु उत्खनन्, संकलन, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु

१. नदीजन्य तथा खानीजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्री वितरण गर्नु पर्नेछ ।

२. नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन संकलन गरी घाटगद्दी क्षेत्रबाट बिक्रि वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्वन्धमा जिल्ला अनुगमन समिति तथा आन्तरिक अनुगमन समितिले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खनन् को लागि उल्लेखित परिमाणको आधारमा सेवा शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ...................... भ्याट रकम दुई किस्तामा ............... %का दरले .................. मसान्त भित्र र ...................... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस नगरपालिकाका खानी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानुन, स्थानीय सरकारका सम्बन्ध कानुन, नदीजन्य तथा खानीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. ठेक्का सम्झौतामा उल्लेखित नदी खोलाहरु वाहेक निर्माणमुखी पदार्थको उत्खनन्, संकलन तथा विक्रि वितरण कार्य नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन्।

६. कर, दस्तुर, शूल्क आदि तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

७. नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शूल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफ्नै तर्फाट छपाई यस कार्यालयको छाप लगाई ...................... प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. ठेक्का सम्झौता भएपछि कर कार्यालयको कर क्लियरेन्स (फुकुवा पत्र) प्राप्त भएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ। नेपाल सरकार, स्थानीय तहको निर्देशन तथा आदेशको पालना गर्नु गराउनु

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

ठेकेदारको कर्तव्य हुनेछ। निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपूर्ति स्वरुप कुनै पनि रकम स्थानीय तह सँग दावी गर्न पाईने छैन्।

१०. ठेक्काको कर असुल गर्नु पर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ्ग वोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

११. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा स्थानीय तहले गरेको निर्णय अन्तिम हुनेछ।

१२. स्थानीय तहले निर्देशन दिई कुनै व्यक्ति, संस्था, समितिलाई नदीजन्य तथा खानीजन्य पदार्थ उपलब्ध गराउदा शूल्क नलिने भनी पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन्। त्यसरी दस्तुर नलिई छोडेको परिमाण वापतको रकम स्थानीय तहबाट माग गर्न पाउनेछैन्।

१३. तोकिएको म्याद भित्र ठेकेदारले स्थानीय तहलाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा स्थानीय तहले ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको .......... % का दरले ब्याज समेत ठेकेदारबाट स्थानीय तहले असुल गर्नेछ।

१४. एउटा स्थानीय तहले कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइनेछैन्।

१५. प्रचलित ऐन नियम तथास्थानीय तह रसंबन्धित सभाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ।

१६. ठेक्काको संकलन केन्द्र निम्नअनुसार स्थानमा राख्नुपर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु पर्ने भएमा स्थानीय तहको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ।

१७. संकलन केन्द्र राख्ने स्थान

| सि.नं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१८. आ.व. ..................... को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्रि दरमा सेवा शूल्क वापत ...... % र मु.अ.कर वापत ..... % थप गरी निम्नअनुसार बिक्री तथा निकासी कर संकलन गर्न पाइनेछ। साथै तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् वा निकासी गर्न रोक लगाईनेछ। परिमाण पछि थपघट भएमा वा सो सम्बन्धी अन्य कुनै ब्यवस्था भएमा सोही अनुसार हुनेछ। साथै तोकिएको समय भित्र निर्धारित परिमाण ठेकेदारले निकाल्न नसकेमा अर्को आर्थिक बर्ष म्याद थप हुने छैन्।

१९. उत्खनन् योग्य नदीजन्य तथा खानीजन्य पदार्थ र स्थानीय तहलाई बुझाउनु पर्ने रोयल्टी, बिक्री कर तथा वातावरणीय शुल्क (प्रति घन फिटमा)

| नदीजन्य तथा खानीज | रोयल्टी | बिक्री कर | वातावरणीय शुल्क | जम्मा | ठेकेदारले लिन पाउने सेवा शुल्क......%) | मु.अ.कर रकम.%) | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|



प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलांग, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| न्य पदार्थ | | | | | | | |
| | | | | | | | |

२०. माथिको तालिकामा उल्लेखित प्रति घन फिट रोयल्टी दरमा सेवा शूल्क वापत....................... % थप रकम ठेकेदारले सङ्कलन गर्ने गरी निर्धारण गरिएको छ ।

२१. निर्माण सामग्रीहरु उत्खनन् र संकलन तथा विक्रि गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

२२. नदी खोलाबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

२३. नदीबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि कार्य गर्न पाईने छैन् अन्यथा नियमानुसार कारवाही हुनेछ ।

२४. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको अनुगमन स्थानीय तहको कार्यालयबाट हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन् र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन् ।

२५. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२६. निर्माण सामग्रीहरु उत्खनन् गर्न नदी सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ। सो वापत लागेको खर्च स्थानीय तहमा दावी गर्न पाइनेछैन ।

२७. नदी खोलाबाट निर्माण सामग्रीहरु उत्खनन् गर्दा नजिक रहेको सडक वन तथा नदी खोलाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

२८. पुल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवै तर्फ ५०० मी. भित्र निर्माण सामग्रीहरु उत्खनन् र संकलन गर्न पाइनेछैन् ।

२९. मुख्य मार्गबाट वोल्डर, ग्राभेल वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नु पर्नेछ ।

३०. स्थानीय तहबाट निर्धारण भएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शूल्क वा दस्तुर लिन पाइनेछैन् र स्थानीय तहका कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाइनेछैन्। यदि कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरीउपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

३१. यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपुर्जी जारी गरिए पछि कुनै किसिमको मिन्हा हुने छैन्।

३२. ठेक्का सम्झौता भएको मितिको भोलि पल्ट देखि ....................सम्म बिहान ......बजे देखि वेलुका .....बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

३३. ठेकेदारले नियमानुसारको मूल्य अभिबृद्धि कर रकम उठाउन पाउनेछ ।

३४. ढुंगा, गिट्टी, बालुवाको उत्खनन्/सङ्कलन गर्दा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्न पाइनेछैन् तर विशेष परिस्थितिको सन्दर्भमा नदीजन्य तथा खानीजन्य पदार्थ आन्तरिक अनुगान समिति, जिल्ला अनुगमन समितिको निर्णय तथा वातावरणीय मुल्याङ्कन प्रतिवेदनमा उल्लेख भए वमोजिम हुनेछ।

३५. चालु आर्थिक बर्षमा तोकिएको अवधि भित्र उत्खनन गरेको निर्माण सामग्रीहरु .....................सम्म विक्री वितरण गर्दा पनि मौज्दात बाँकी रहने अवस्था रहेमा अवधि समाप्त हुनुभन्दा एक हप्ता अगावै निर्देशिकामा उल्लेखित प्राविधिक समितिवाट एकिन गराई सबै स्थानहरुमा रहेको मौज्दात प्रमाणित गराउनुपर्नेछ । तर नदी वा नदी किनारामा रहेको सामग्रीलाई मौज्दात मानिने छैन् ।

३६. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन गर्न पाइनेछैन्।

३७. निर्माण सामग्री उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा र्सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

३८. ठेकेदारका कर्मचारी तथा कामदरहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व ठेकेदार स्वयंको हुनेछ।

३९. ठेक्काको स्थानबाट दस्तुर वा शुल्क छलि माल वा वस्तु उठाइ अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो माल वा वस्तुको दस्तुर वा शुल्क जुनसु कै स्थानमा लगेको भए पनि सम्वन्धित ठेकेदारले उठाउन सक्नेछ ।

४०. स्थानीय तहको लागि प्रयोग हुने नदीजन्य तथा खानीजन्य पदार्थको अभाव भई विकास निर्माण कार्य प्रभावित हुने अवस्थाको साथै कुनै स्थानमा थुप्रियको नदीजन्य तथा खानीजन्य पदार्थ नहटाइएमा प्राकृतिक प्रकोप आउन सक्ने भनी जिल्ला दैवि प्रकोप उद्दार समितिबाट निर्णय भई नदीजन्य तथा खानीजन्य पदार्थ आन्तरिक तथा जिल्ला अनुगमन समितिले अनुमोदन गरेमा ठेक्का

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

समाप्त भएको मिति पश्चात निश्चित समयको लागि उत्खनन् तथा बिक्रि वितरण कार्य जारी राख्नु पर्ने विशेष परिस्थिति सिर्जना भएमा निश्चित परिमाण तथा समय र स्थान तोकी चालु ठेक्का अंकको दामासाहीले हुन आउने दस्तर लिई उत्खनन् एवं सङ्कलन कार्यको वन्दोवस्त गर्न सकिनेछ ।

४१. कार्यालयको तर्फबाट स्वीकृत परिमाण, उत्खनन् योग्य स्थान र सम्झौताका शर्तहरुको प्रभावकारी नियन्त्रण गर्नको निमित्त अनुगमन, निरीक्षण, भौतिक नियन्त्रण तथा स्थलगत परीक्षण लगायतका प्रकृयाहरु अवलम्वन गर्न सकिनेछ। उक्त कार्यमा सहयोग गर्ने दायित्व ठेकेदारको हुनेछ।

४२. स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्नु पर्नेछ।

४३. नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् तथा बिक्रि वितरण गर्ने क्रममा ठेक्कामा उल्लेख भए बमोजिमको क्षेत्र भित्र सिमित रही उत्खनन गर्नु पर्नेछ।

४४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रदेश कानुन, स्थानीय सरकारका कानुन र वातावरणीय परीक्षण प्रतिवेदन तथा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ।

४५. निर्माण सामग्री उत्खनन र घाटगद्दीः स्थानीय तहको स्वीकृत वातावरणीय परिक्षण प्रतिवेदनमा सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुंगा, गिट्टी, गेगर, मोरङ र बालुवा उत्खनन् तथा घाटगद्दी गरी बिक्रि वितरण गर्नु पर्नेछ ।

| सिन | नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू.फि.) | ढुङ्गा (क्यू.फि.) | ग्राभेल/मोरङ्ग/ गिट्टी (क्यू.फि.) | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलंगा, गर्युला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-५

## पट्टाको फाराम

..................स्थानीय तहबाट श्री ..................को नाती ..................को छोरा .................. जिल्ला ..................नगरपालिका वार्ड नं................... स्थायी घर भई हाल ..................नगरपालिका वडा नं. .................. मा वसोवास गर्दै आएको बर्ष.................. को ..................ले ..................कानुन वमोजिम महाकाली नगरपालिकाको आन्तरिक आय संकलन श्रोतवाट तपसिल वमोजिमको शर्तमा तपसिल वमोजिको क्षेत्रमा तपसिल वमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस स्थानीय तहबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको वोलपत्रको व्यहोरा पेश हुँदा आ.व.................. को लागि रु. ..................(मु.अ.कर वाहेक) अक्षरेपी ..................मात्रमा ठेक्का दिने गरी तपाईसंग ठेक्का वन्दोवस्त गर्न मिति.................. मा महाकाली नगरपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णयानुसार तपसिलका शर्त बमोजिममा लेखिएको आय संकलन गर्न मञ्जुरी भै कवुलियत गरिदिनु भएको हुँदा तपाईको कवुलियत बमोजिम तपसिलमा लेखिएको शर्तमा कति घटीबढी नपारी तपसिलमा लेखिए वमोजिमको मिति भित्र स्थानीय तहलाई.................. % छुट पाउने रकम कर्टाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. .................. बुझाई मिति .................. देखि मिति..................सम्म आ.व.................. को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय वमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला।

तपाईले गरिदिनु भएको सम्झौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवा शुल्क वा दस्तुर असुल गरेको ठहरे तपाईसंग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस स्थानीय तह लाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिने छ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस महाकाली नगरपालिकाबाट ठेक्का चलानको पुर्जी गरी दिइएको छ ।

**तपसिल**

क) तपसिलमा उल्लेख गरिए वमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व..................का ..................% छुट पाउने रकम कर्टाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. .................. वुझाई ..................साल.................. गते देखि ..................साल ..................तकलाई प्रचलित कानूनको अधिनमा रही..................स्थानीय तह को आय संकलन गर्ने ।

ख) उक्त आय संकलन गर्नका निमित्त स्थानीय तहका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी..................स्थानीय तह लाई अग्रिम एकमुष्ट रकम वुझाएको छु । यसरी आय संकलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै स्थानीय तह वाट प्रमाणित गराई प्रयोग गर्ने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

ग) सो आय संकलन गर्न ..................स्थानीय तह वाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर वमोजिम वाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस महाकाली नगरपालिकाबाट प्रमाणित गरिए वाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन्। यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेका स्थानीय तहबाट अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय गरिनेछ ।

घ) अन्य कुराहरु तपाई र स्थानीय तहको कार्यालय बीच भएको सम्झौता बमोजिम हुनेछ ।

ङ) संकलन केन्द्र राख्ने स्थान

| सि.नं. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

च) उत्खनन् योग्य नदीजन्य तथा खानीजन्य पदार्थ र स्थानीय तहलाई बुझाउनु पर्ने रोयल्टी, बिक्री कर तथा वातावरणीय शुल्क (प्रति घन फिटमा)

| नदीजन्य तथा खानीजन्य पदार्थ | रोयल्टी | बिक्री कर | वातावरणीय शुल्क | जम्मा | ठेकेदारले लिन पाउने सेवा शुल्क......%) | मु.अ.कर रकम.%) | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

छ) माथिको तालिकामा उल्लेखित प्रति घन फिट बिक्रि मूल्यमा सेवा शूल्क वापत .................. % र मु.अ.कर वापत .................. % थप रकम समावेस गरी शुल्क निर्धारण गरिएकोछ।

ज) निर्माण सामग्री उत्खनन र घाटगद्दी: स्थानीय तहको स्वीकृत वातावरणीय परिक्षण प्रतिवेदनमा सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुंगा, गिट्टी, गेगर, मोरङ र बालुवा उत्खनन् तथा घाटगद्दी गरी बिक्रि वितरण गर्नु पर्नेछ ।

| सिन | नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू.फि.) | ढुङ्गा (क्यू.फि.) | ग्राभेल/मोरङ्ग/ गिट्टी (क्यू.फि.) | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलमा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूचि-६

## पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा र खानि तथा नदीबाट ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन् कार्यको लागि EIA कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परिमाण नियन्त्रण तथा नदी प्रवेश आदेश)

खानी तथा नदीको नाम:

नाका वा स्थानको नाम:

प्रवेश आदेश मितिः                समयः                प्रवेश आदेश नंः

**नदी प्रवेश आदेश विवरण**

१. ओसार पसार गरी लैजानेको नाकाको नामः

ठेगानाः                सम्पर्क फोन न.

२. ओसार पसार पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः                सवारी दर्ता नं.

४. निकाली लैजाने पदार्थको परिमाणः                घन फूट

५ ओसार पसार गरी लैजाने स्थानः

६. निकासी गरी लैजाने पदार्थको प्रयोजनः (जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

क) निजी निर्माण                ख) सार्वजनीक निर्माण                ग) प्रशोधन पछि बिक्री

(नोटः ढुङ्गा, गिट्टी, वालुवा र खानी तथा नदीबाट ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन् यो आदेश बिना सवारी साधन खानी वा नदीमा प्रवेश गर्न, ओसार पोसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ। कहि कतै त्यस्तो पाईएमा आन्तरिक अनुगमन समितिको सिफारिसमा न्यायिक समितिले जरिवाना र अन्य प्रचलीत कानुन बमोजिम सजाय समेत गर्न सक्नेछ।)

ठेकेदार वा प्रतिनिधिको नाम थरः                प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः                सहिः

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलौदा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूचि-७

## उत्खनन्कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख

(ढुङ्गा, गिट्टी, वालुवा र खानी तथा नदीबाट ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन्, ओसार पसार कार्यको लागि EIA कार्वान्वियनका सन्दर्भमा निकासी स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख)

नाका वा स्थान भएको नदीको नामः

उत्खनन् गरिएको नाका वा स्थानको नामः

| सि.न. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खनन्कर्ताको प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अनुसूचि-८

## दैनिक पटके बिक्री निकासी अभिलेख तेरीज

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा र खानि तथा नदीबाट ढुङ्गा र माटो जन्य पदार्थ उत्खनन् र निकाल्ने कार्यको लागि EIA कार्वान्वियनका सन्दर्भमा निकासी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु अभिलेख तेरीज

नदी वा खानीको नामः

नाकाको नामः

मितिः

| सि.न. | निकासी मिति | पटके बिक्री आदेश नं | पटके बिक्री भएको परिमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट ठेकेदारले पटके पिच्छे भरी दैनिक पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा महाकाली नगरकार्यपालिकाको कार्यालयललाई अनिवार्य रुपमा पठाउनु पर्ने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची -९

## अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेसिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने स्काभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | संकलन, उत्खनन र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परिमाण पालना भएको | | |
| ७ | मूख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औसत दुरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औसत दुरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदीतटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक विक्री निकासी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागु भएको | | |
| १३ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध मिलाइएको | | |
| १४ | रेखाङ्कन सहितको नाप नक्शा राखेको | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ पोण्ड) व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध | | |
| १७ | उत्खनन् गरिने परिमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम, सम्पर्क नं. र सूचना पाटी सम्बन्धी व्यवस्था | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दुरी सम्बन्धी मापदण्ड पालना | | |
| २० | शुन्य मौज्दात सम्बन्धी व्यवस्था | | |
| २१ | ढुवानी ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मुल्यको पालना | | |
| २३ | अन्य कुनै बिषयहरु | | |



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसंता, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची -१०

## उत्खनन् तथा संकलन स्थलमा राख्नु पर्ने सुचना पाटीको नमुना

साधारण निर्माणमुखी नदीजन्य तथा खानी जन्य पदार्थ उत्खनन् संकलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा संकलन स्थलमा सार्वजनिक जानकारीक लागि राखिने सूचना पाटी

क) उत्खनन् तथा संकलन गरिने स्थल:

ख) उत्खनन् तथा संकलनको विवरण:

ग) नदी वा खानीको नाम:

घ) ठाउँको नाम:

ङ) उत्खनन् तथा संकलन गरिने सामग्री परिमाण: (घन फिटमा)

च) उत्खनन् कार्यमा प्रयोग हुने साधन:

छ) उत्खनन् कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम:

ज) उत्खनन् कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको ठेगाना:

झ) उत्खनन् तथा संकलन गर्ने अवधि मिति .................. बाट .................... भित्र

ञ) ओसार पसार गर्ने अवधि मिति ................................ बाट .................... सम्म

ट) गुनासो सुन्ने अधिकारी सम्बन्धी व्यवस्था

नाम

पद

सम्पर्क नं.

(कुनै थप गुनासो वा थप जानकारीको लागि महाकाली नगरपालिकामा सम्पर्क गर्न सकिनेछ)

महाकाली नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम ४ बमोजिम प्रमाणिकरण गरिन्छ ।

.....................

२०७९।३।२४

नि.प्रमुख प्रशासकीय अधिकृत